राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ ज्येष्ठ १४ गते

# आपसी छलफल र सम्वादद्वारा समस्या समाधान गरी जीवनको अधिकार सुरक्षित गर

नेपाल स्काउटमा भएको आन्तरिक अव्यवस्थालाई सुधार गर्न भनी विभिन्न मागहरु राखी नेपाल स्काउट प्रगतिशील संघर्ष समितिद्वारा आन्दोलन घोषणा गरी स्काउट लिडर गुणराज प्याकुरेल विगत १६ दिन देखि र स्काउट लिडर रमिला नगरकोटी विगत १३ दिनदेखि आमरण अनशनमा बस्नुभएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगको टोलीले उहाँहरुको स्वास्थ्य अवस्था र जीवनको अधिकार सम्बन्धमा आज पुनः स्थलगत अनुगमन गरेको छ ।

अनुगमनको क्रममा प्राप्त जानकारी अनुसार सम्बन्धित पक्षले समस्या समाधान गर्न अझै तत्परता नदेखाएको कारण आन्दोलन लम्विदै गएको, आमरण अनशनमा बसिरहनुभएका दुवै जनाले औषधी उपचार गर्न समेत नमानेकोले निजहरुको स्वास्थ्य अवस्था नाजुक बन्दै गइरहेको पाइएको छ ।

अतः आन्दोलनरत पक्षको मागको सम्बन्धमा आपसी छलफल र सम्वाद मार्फत समस्याको समाधान गरी अनशनरत दुवै जनाको जीवनको अधिकार रक्षा गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

......................
वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org